वराहपोखरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
१ नं. प्रदेश, नेपाल

# इन्टरनेट जडानको कार्य गर्न शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना

## दोश्रो पटक प्रकाशित मिति : २०७५।१२।१८

यस वराहपोखरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय र यस अन्तर्गतका ६ वटै वडा कार्यालयहरुमा सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र व्यवस्थित बनाउनका लागि आवश्यक सम्पूर्ण उपकरण सहित कम्तिमा १ Mbps क्षमताको इन्टरनेट जडान कार्य सेवा परामर्शबाट गर्नु पर्ने भएको हुँदा मिति २०७५।११।३० गतेको (प्रथम पटक प्रकाशित) सूचनानुसार यस कार्यालयमा १ (एक) मात्र दरभाउपत्रदाताले दरभाउपत्र सम्वन्धी कागजात खरिद गरेको र तोकिएको मिति र समय सीमामा दर्ता हुन नआएकोले पुन: मिति २०७५।१२।१८ गतेको मितिबाट सम्वन्धित कार्य गर्नका लागि प्रचलित कानून बमोजिम दर्ता भई नियमित संचालनमा रही योग्यता पुगेका इच्छुक फर्म, कम्पनी वा संस्थाहरुलाई प्रथम पटक प्रकाशित सूचनामा उल्लेखित शर्तहरु तथा निम्न शर्तहरुको अधीनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना दोश्रो पटक प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. अद्यावधिक नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७४/०७५ सम्मको आय कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु र निवेदन सहित नगद रु.१,०००।- (अक्षरुपी एक हजार) मात्र दरभाउपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ७ (सात) औं दिन (२०७५/१२/२४) भित्र कार्यालय समयमा यस कार्यालबाट इच्छुक दरभाउपत्रदाताले दरभाउपत्र सम्वन्धी कागजात खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी दरभाउपत्र शिलबन्दी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राइइटरको नाम र ठेगाना, फोन नम्बर, मोबाइल नम्बर समेत स्पष्ट खुलाई फर्मको आधिकारिक छाप लगाई शिलबन्दी लाहाछाप दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन (मिति २०७५/१२/२५) गतेका दिनसम्म दिउँसोको ठीक १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. दर्ता भएका दरभाउपत्रहरु यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ८ (आठौं) दिन (मिति २०७५/१२/२५) गतेका दिन दिउँसो ठीक २:०० बजे कार्यालयका प्रतिनिधिहरु तथा दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

घनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत